DATE: ..................

आज मिति २०७७।०१।१० गते प्रमुख जिल्ला अधिकारी श्री चड्डा राज बोहरा ज्यू को अध्यक्षतामा तपसील बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा बसेको कमाण्ड पोष्टको बैठकबाट निम्नानुसार निर्णय गरियो ।

उपस्थिति :-

प्र.जि.अ.श्री चड्डा राज बोहरा (जिल्ला प्रशासन कार्यालय कैलाली) अध्यक्ष

स.प्र.जि.अ.श्री मोहन राज जोशी (जिल्ला प्रशासन कार्यालय कैलाली) सदस्य

प्रमुख सेनानी श्री विकास के.सी. नेपाली सेना, भवानी दल गण - सदस्य

प्रहरी उपरीक्षक श्री प्रदिप गिरी (जिल्ला प्रहरी कार्यालय कैलाली) - सदस्य

स.प्र.नि. श्री कमल प्रसाद तिवारी (सशस्त्र प्रहरी बल नं.३८ गण) - सदस्य

उप.अ.नि.श्री विकास पाण्डे (राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय) - सदस्य

का.मु.प्र.श्री लाल बहादुर धामी (स्वास्थ्य कार्यालय, कैलाली) - सदस्य

प्र.अ.श्री शिवराज जोशी (जिल्ला प्रशासन कार्यालय कैलाली) - सदस्य सचिव

डा. हेमराज पाण्डे प्रमुख मे.सु.सेती प्रादेशिक अस्पताल सदस्य

निर्णय:-

१. यस जिल्लामा कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा व्यवस्थापन सम्बन्धमा हालसम्म भए गरेका कामहरुको समिक्षा गरियो।

२. यस जिल्लाको कैलाली भन्सार र खक्रौला भन्सार नाकाबाट नेपाल प्रवेश गर्ने सवारीसाधनहरुमा किटनाशक औषधी छर्किएर निसंक्रमित (Disinfection) गर्ने व्यवस्था मिलाउने । त्यस्ता सवारीसाधनका चालकहरुलाई अत्यावश्यक स्वास्थ्य सुरक्षा सामाग्री लगाउन लगाई Health Desk मा स्वास्थ्य जाँचलाई निरन्तरता दिने ।साथै जिल्लाका महत्वपूर्ण जनसम्पर्क अधिक हुने स्थानहरुमा समेत सम्बन्धित कार्यालयको पहलमा Disinfection गर्ने व्यवस्था मिलाउने ।

३. यस जिल्लाको धनगढी स्थित सेती प्रादेशिक अस्पताललाई कोभिड उपचार अस्पताल तोकिए पश्चात उक्त अस्पतालमा बिभिन्न मितिमा आज सम्म कोभिड संक्रमित ब्यक्तिहरु उपचारार्थ आएकामा उक्त अस्पतालमा कार्यरत चिकित्सक र स्वास्थ्यकर्मीहरुको अथक प्रयास र उचित उपचार पद्धतिका कारण हाल तीन जना उपचार पश्चात निको भै घर फर्कीसकेका र अरु दुई जनाको पनि हाल स्वास्थ्य अवस्था सामान्य रहेकोले Corona संक्रमितको सफल उपचार गरी निको बनाउने काममा संलग्न सेती अस्पतालका मे.सु.लगायत सम्पूर्ण चिकित्सक र अन्य स्वास्थ्यकर्मी सहित अस्पताल परिवारलाई जिल्ला जिल्ला संकट ब्यवस्थापन केन्द्र हार्दिक धन्यबाद ज्ञापन गर्दछ भने उपचार पश्चात स्वस्थ भै घर फर्किएका ब्यक्तिहरुलाई हार्दिक बधाई तथा आरोग्यताको कामना गर्दै उपचाररत बिरामीको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौं ।

४. नेपाली सेना प.सं.१३५१५/अप्स/४४/०७६/७७/४८३ मिति २०७७।०१।१० को दक्षीण सीमाबाट नेपालीहरु ठूलो संख्यामा नेपाल फिर्ता आउदाको अवस्थाको प्रारम्भिक योजना तर्जुमा सम्बन्धी पत्र बैठकमा पेश भई छलफल गर्दा निम्न बमोजिम योजना तर्जुमा गरी पारीत गरियो। साथै उक्त योजना प्रदेश CCMC मा पठाउने निर्णय गरियो।

Scanned with CamScanner

## दक्षिणी सीमाबाट आउने नेपालीहरुलाई व्यवस्थापन सम्बन्धी योजना

**परीचय**

१.हाल नेपाल सरकारको निर्णय बमोजिम नेपाल-भारत सीमाना पूर्ण रुपले बन्द गरिएको कारण हजारौं संख्यामा नेपालीहरु भारतका विभिन्न स्थानहरुमा रहिरहेका छन्। सोहि बमोजीम कैलाली जिल्लाको दक्षिणी सीमामा पर्ने गौरीफण्टा तथा खक्रौला नाकाहरु समेत सरकारले जारी गरेको लक डाउन बमोजिम २०७६/१२/११ गतेबाट पूर्ण रुपमा बन्द रही नेपालीहरुको आवत जावतलाई निषेध गरिएको छ । धेरै संख्यामा सुदुर पश्चिम प्रदेशबाट आफ्नो जिविकोपार्जन गर्न नेपालीहरु भारतका विभिन्न भागहरुमा गएको देखिन्छ । लक डाउन पूर्व फाल्गुन महिनादेखि चैत्र ११ गतेसम्म मात्र करिब ५३००० (त्रिपन्न हजार) नेपालीहरु कैलाली जिल्लाको सीमानाका प्रयोग गरी नेपाल प्रवेश गरेको देखिन्छ । नेपालमा पछि लक डाउन खुकुलो भएको अवस्थामा पुनः ठुलो संख्यामा नेपालीहरु दक्षिणी सीमानाबाट नेपाल प्रवेश गर्ने अवस्था रहेको हुँदा त्यस्तो अवस्थामा नेपाल प्रवेश गर्ने नेपालीहरुलाई COVID-19 को संक्रमण नियन्त्रण र रोकथाम गर्न समयमा नै उचित व्यवस्थापन गर्न अति जरुरी रहेको छ ।

**उद्देश्यः**

२.महामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९) लाई रोकथाम एवं नियन्त्रण गर्न दक्षिणी सीमाबाट नेपाल प्रवेश गर्ने नेपालीहरुलाई व्यवस्थीत रुपले प्रवेश गराउने सम्बन्धमा विभिन्न तयारीहरु गरी सहज र सुरक्षीत प्रवेशको व्यवस्था मिलाउनु रहेको छ ।

**क्षेत्रः**

३.यस योजनालाई निम्न कारणको आधारमा तयार गरिएको छः

(क) कैलाली जिल्लामा दक्षिणी सीमाबाट आउन सक्ने मुख्य नाकाहरु, सीमानाको विवरण र हालको सुरक्षा व्यवस्था ।

(ख) सीमानाबाट कैलाली जिल्ला प्रवेश गर्दा कोभिट-१९ संक्रमण नियन्त्रण गर्न Holding ईलाकाको व्यवस्थापन ।

(ग) RDT परीक्षणको व्यवस्था

(घ) कैलाली प्रवेश गर्ने व्यक्तिहरुको अभिलेख व्यवस्थापन

(ङ) RDT परीक्षणको नतिजा अनुसारको व्यवस्था

(i) RDT परीक्षण (+) आएमा

(ii) RDT परीक्षण (-) आएमा

(च) आवश्यक स्वास्थ्य सामाग्री/साधनको व्यवस्थापन

(छ) सम्बन्धित नेपालीहरुलाई यातायातको व्यवस्थापन

(ज) शंकास्पद व्यक्तिहरुलाई राख्ने Quarantine र Isolation को व्यवस्था

(झ) अन्य बन्दोबस्ती

(ञ) संक्षेप

Scanned with CamScanner

**कैलाली जिल्लामा दक्षिणी सीमाबाट आउन सक्ने मुख्य नाका, सीमानाको विवरण र हालको सुरक्षा व्यवस्था**

४.कैलाली जिल्लाको दक्षिणी सीमा १०१ कि.मी. खुल्ला रहेको छ। अधिकांश सीमाना मोहना नदि र केही बन जंगलले ओगटेको छ । मुख्य आवत जावत गर्ने नाकाहरु निम्न छन् ।

(क) **त्रिनगर नाका:** कंचनपुर जिल्ला पुनर्वास न.पा. वडा नं. ११ मा रहेको यो नाका सुदूर पश्चिम प्रदेशको मुख्य दुई नाका (त्रिनगर र गड्डाचौकी) मध्येको एक महत्वपूर्ण नाका हो । भारतको उत्तर प्रदेशको लखिमपुरी खिरी जिल्ला संग जोडिएको यो नाका उत्तर प्रदेशको दुदुवा नेशनल पार्कको मध्यवर्ती सीमानामा रहेको छ। यस नाकामा सशस्त्र प्रहरीको एक राजश्व तथा भन्सार सुरक्षा गुल्म तैनाथ रहेको ।

(ख) **खक्रौला नाका:** यो नाका टिकापुर नगरपालिकामा रहेको र भारतको उत्तर प्रदेशको लखिमपुर खिरी जिल्ला संग जोडिएको छ । यातायात, आवत जावतको हिसावले यो नाका त्रिनगर नाका भन्दा कम आवत जावत हुने नाकाको रुपमा रहेको छ। यस नाकामा सशस्त्र प्रहरीको एक BOP रहेको छ।

(ग) **अन्य खुल्ला सीमाना:** मुख्य नाका बाहेक कैलाली जिल्लामा पैदल आवत जावत गर्ने खुल्ला बाटाघाटाहरु प्रशस्त मात्रमा रहेका छन् । हाल नेपाल सरकारको नीति बमोजिम Boarder ईलाका बन्द भएको अवस्थामा सशस्त्र प्रहरीको १ गुल्म, ४ बि.ओ.पी, ४ अस्थायी चेक पोष्ट, ३९ फरवार्ड वेश र ८२ वटा सेन्ट्री पोष्ट स्थापना भई १०१ कि.मि. खुल्ला सीमानालाई नियन्त्रण गर्न करिव ५६० जना जनशक्ति खटिएका छन्।

**मुख्य सीमाना प्रयोग गरी सीमाना प्रवेश गर्नेलाई Holding ईलाकाको व्यवस्थापन**

५.लक डाउन केही मात्रमा खुकुलो भएको अवस्थामा वा अन्य कारणले भारतमा रहेका नेपालीहरु कैलाली जिल्ला प्रवेश गर्दा निजहरुलाई व्यवस्थित गर्ने र तिनिहरुको अभिलेख तयार गर्न र सीमाना प्रवेश गर्ने ईलाकामा नै Holding Area को व्यवस्था गर्न अति जरुरी देखिन्छ । भारतमा रहेको कैलाली जिल्ला प्रवेश गर्ने नेपालीहरु एकै दिनमा नभई दिनहु करिब १००० देखि १५०० को संख्यामा मुख्य नाकाबाट प्रवेश गर्ने संभावना रहेको छ। यस्ता नेपालीहरुलाई सीमानामा व्यवस्थित गर्न निम्न Holding Area को व्यवस्थापन गर्न जरुरी देखिन्छ ।

(क) **त्रिनगर नाका:** त्रिनगर नाका भएर प्रवेश गर्ने नेपालीहरुको लागि कंचनपुर जिल्ला स्थित सीमानामा रहेको डोकेबजारमा रहेको स्थानलाई प्रयोग गर्न सकिने छ । सो स्थानको क्षमता करिब ५०० देखि ७०० जना व्यक्तिहरु Social Distancing को दुरीमा राख्न सकिने छ ।

(ख) खक्रौला नाका: खक्रौला नाका भएर नेपाल प्रवेश गर्ने नेपालीहरुलाई भन्सारको खाली जमीनमा Holding एरिया बनाई सोही स्थानमा मेडिकल चेक पश्चात सुरक्षीत गन्तव्यमा पुर्याईने छ ।

(ग) फिल्ड शौचालय तथा सरसफाईको व्यवस्थापन:

(i) त्रिनगर नाका: श्री धनगढी उप महानगरपालिका संग समन्वय गरी मिलाईने छ ।

(ii) खक्रौला नाका: श्री टिकापुर न.पा. संग समन्वय गरी मिलाईने छ ।

Scanned with CamScanner

अभिलेखको व्यवस्थापन:

६. श्री जिल्ला प्रशासन कार्यालय कैलालीले व्यवस्थापन गर्ने छ ।

RDT परीक्षणको व्यवस्थापन

७. Holding ईलाकामा जम्मा भएका व्यक्तिहरुलाई सुरक्षा फौजको सहयोगमा होल्डिङ्ग एरियाको ५० मि. को नजिकमा RDT परीक्षणको व्यवस्था मिलाईने छ। RDT परीक्षणको नतिजा १५ मिनेटमा आउने हुँदा सो अवधिमा निजहरुलाई उक्त स्थानमै सुरक्षीत राखिने छ । होल्डिङ्ग ईलाकामा जम्मा भएकालाई समुह समुहमा विभाजन गरी RDT परीक्षणको व्यवस्थापन मिलाईने र RDT परीक्षणको लागी आवश्यक जनशक्ति स्रोत, साधन, प्रदेश स्वास्थ्य आपूर्ती केन्द्र र जिल्ला जनस्वास्थ्य कार्यालय कैलालीले समन्वय गरी व्यवस्थापन गरीने छ ।

RDT परीक्षणको नतिजा अनुसारको व्यवस्थापन:

८. RDT परीक्षणको निम्न नतिजा अनुसार छुट्टाछुट्टै व्यवस्थापन गरीने छ।

(क) RDT परीक्षण(+) आएमा: निज व्यक्तिलाई थप SWAB परीक्षणको लागी सेती प्रादेशिक अस्पताल कैलालीमा ल्याउन Ambulance व्यवस्थापन गर्ने र थप परीक्षण नभए सम्म सेती प्रादेशिक अपस्पतालको Isolation Ward मा राखिने छ र सेती प्रादेशिक अस्पतालले आवश्यक चिकित्सक र एम्वुलेन्सको व्यवस्था गर्ने ।

(ख) RDT परीक्षण(-) आएमा: RDT परीक्षण (-) आउनेको लागी Holding Area को करिव ३०० मिटरमा रहेको Vehicle Embossing Point मा लगी सम्बन्धित स्थानिय निकायमा थप १४ दिन Quarantine मा राख्ने गरी पठाउने व्यवस्था मिलाईने छ।

आवश्यक स्वास्थ्य सामाग्री/ साधनको व्यवस्थापन

९. RDT परीक्षण, एम्वुलेन्स, चिकित्सक, अन्य स्वास्थ्य सामग्रीको व्यवस्थापन प्रदेश स्वास्थ्य आपूर्ति केन्द्रसंग जिल्ला स्वास्थ्य कार्यालयले आवश्यक समन्वय गरी व्यवस्थापन गर्नेछ ।

यातायातको व्यवस्थापन

१०. कैलाली जिल्ला अन्तर्गतका स्थानिय निकायहरुसंग RDT परीक्षणमा नेगेटिभ आएकालाई कैलाली जिल्लाका बासिन्दाको हकमा जिल्ला प्रशासन कार्यालय कैलालीले स्थानीय तहसँग समन्वय गरी यातायातको व्यवस्थापन गर्ने। अन्य जिल्लाको व्यक्तिहरुको हकमा सुदूर पश्चिम सरकारले व्यवस्थापन गर्ने ।

RDT पोजेटिभ आएकालाई राख्न Isolation and Quarantine को व्यवस्था

११. RDT पोजिटिभ आएकालाई Quarantine मा निम्न स्थानहरुमा राख्ने व्यवस्था मिलाउने

(क) धनगढी रंगशालको कर्वडहल

(ख) त्रिनगर मा.वि. धनगढी

(ग) Isolation Ward: सेती प्रादेशिक अस्पताल

१२. अन्य बन्दोबस्ती:- खाने र बस्ने व्यवस्था सुदूर पश्चिम सरकार, सामाजिक विकास मन्त्रालयले गर्नेछ ।

१३. सरसफाई: सेती प्रादेशिक अस्पताल

१४. पानी तथा शौचालय: श्री धनगढी उप-महानगरपालिका/सेती प्रादेशिक अस्पताल

Scanned with CamScanner

संक्षेपः

१५. हालको संक्रमणको स्थिति तथा भारतमा रहेका नेपालीहरु स्वदेश फर्कने सम्भावनालाई उच्च सतर्कताका साथ मुल्याङ्कन गर्दा स्वदेश फर्कन खोज्ने नेपालीहरुको संख्यामा उल्लेखनिय वृद्धि हुन सक्ने देखिन्छ । तर्सथ प्रदेश र स्थानीय तहसँग समन्वय गरी जिल्लाको सम्पुर्ण श्रोत तथा साधनको परिचालन गरी महामारीलाई विकराल र भयावय हुनबाट रोक्न यस योजना सहयोगी हुने देखिन्छ ।

Scanned with CamScanner